आज मिति २०७८ साल माघ महिनाको २३ गते आईतावारका दिन यस बाहिरशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह-अर्याल ज्यूको अध्यक्षतामा नगरपालिकाको ७८ औं बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो।

## उपस्थिति :–

| | | | |
|---|---|---|---|
| १, | प्रमुख | | श्री गुमान सिंह अर्याल |
| २, | उप-प्रमुख | | श्री लक्ष्मी देवी अधिकारी |
| ३, | प्र. प्र. अ. | | श्री इमनाथ कडेल |
| ४, | वडा अध्यक्ष | वडा नं: १ | श्री बल राम श्रेष्ठ |
| ५, | –"– | (२) | श्री गणेश बहादुर कडेल |
| ६, | –"– | (३) | श्री सुर्य कुमार श्रेष्ठ |
| ७, | –"– | (४) | श्री लालबीर गुरुङ |
| ८, | –"– | (५) | श्री बम बहादुर गुरुङ |
| ९, | –"– | (६) | श्री भोज बहादुर रिमाल |
| १०, | –"– | (७) | श्री गोविन्द बस्नेत |
| ११, | –"– | (८) | श्री पवित्रा थापा राना |
| १२, | –"– | (९) | श्री शरद बराल |
| १३, | –"– | (१०) | श्री पुर्ण बहादुर थापा |
| १४, | –"– | (११) | श्री अच्युत बाबु बगाले |
| १५, | कार्यपालिका सदस्य | | श्री विष्णु माया राना |
| १६, | –"– | | श्री मन्दिरा दर्नाई |
| १७, | –"– | | श्री देव बहादुर गहतराज |
| १८, | –"– | | श्री अजय मजाकोटी |
| १९, | –"– | | श्री मन माया गुरुङ |
| २०, | –"– | | श्री दोज बहादुर खवास |
| २१, | –"– | | श्री कृष्ण नेपाली |
| २२, | –"– | | श्री आशा तामाङ |

सहजकर्ता कर्मचारीहरु :–

| | | |
|---|---|---|
| २३, | कार्यक्रम अधिकृत | श्री महेन्द्र पोखरेल |
| २४, | अधिकृत | श्री विमला गौडे |
| २५, | ना. सु. (स.स्त.पाँचौं) | श्री गोविन्द बहादुर राउत |

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

*नगर कार्यपालिकाको मिति २०७८ माघ २३ गतेको बैठकका एजेण्डाहरु*

१. संशोधित आय अनुमान सम्बन्धमा ।
२. प्रगति समीक्षा सम्बन्धमा ।
३. बजेट रकमान्तर सम्बन्धमा ।
४. लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा
५. नीति तथा मार्गदर्शन स्वीकृत गर्ने सम्बन्धमा ।
६. वडा नं ७ को वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।
७. वडास्तरीय योजना संशोधन/ब्रेक डाउन तथा एकिकरण सम्बन्धमा । (वडा नं १, २, ११)
८. शिक्षक व्यवस्थापन सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १: संशोधित आय अनुमान सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको मिति २०७८ असार २५ गते सम्पन्न नवौं नगरसभाबाट स्वीकृत भएको आय अनुमानलाई देहाय वमोजिम संशोधन गरी स्वीकृतिका लागि मिति २०७८।१०।२४ गतेको दशौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

देहाय

| क.सं. | विवरण/ शिर्षक | बजेट (रु हजारमा) | | कैफियत |
|---|---|---|---|---|
| | | नवौं नगरसभाबाट स्वीकृत | दशौं नगरसभामा संशोधित प्रस्ताव | |
| १ | संघीय समानीकरण अनुदान | १४२६०० | १४२६०० | |
| २ | प्रदेश समानीकरण अनुदान | १७०२३ | १७०२३ | |
| ३ | संघीय राजश्व बाँडफाँड | ९२१४५ | ९७७१५ | |
| ४ | प्रदेश राजश्व बाँडफाँड | १२०२८ | १२०२८ | |
| ५ | आन्तरिक आय/स्थानीय राजश्व/ अ.ल्या | ९८१४५ | ११८३२२ | |
| ६ | संघीय शसर्त अनुदान चालु | २८८३०० | ३०१९२० | |
| ७ | संघीय शसर्त अनुदान पुंजीगत | ७९०० | ७९०० | |
| ८ | प्रदेश शसर्त अनुदान | ७००० | ७००० | |
| ९ | संघीय समपुरक अनुदान | १३९०० | १३९०० | |
| १० | संघीय विशेष अनुदान | १०८०० | १०८०० | |
| ११ | प्रदेश समपुरक अनुदान | ३००० | ३००० | |
| १२ | सडक बोर्ड | ६००० | ० | |
| १३ | पर्यटन प्रवर्द्धन विकास आयोजना | २७७०० | ० | ५३ लाख ४२ हजार प्राप्त भई सशर्तमा राखिएको । बाँक बजेट माग गर्नु पर्ने । |
| | **जम्मा** | ७२६५४१ | ७३२२०८ | |

**निर्णय नं. २: प्रगति समीक्षा सम्बन्धमा ।**

चालु आव २०७८।०७९ को अर्धबार्षिक प्रगति समीक्षा गरियो साथै समीक्षाको क्रममा बैठकमा प्राप्त भएका सुझावहरु समेत समावेश गरी अर्धबार्षिक प्रगति प्रतिवेदन र गत आवको मुख्य मुख्य प्रगति विवरण समेत समावेश गरी तयार गरिने एकिकृत प्रगति प्रतिवेदन दशौं नगरसभा समक्ष प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३: बजेट रकमान्तर सम्बन्धमा ।**

चालु आर्थिक बर्ष २०७८।७९ को ठेक्कापट्टा प्रक्रियाद्वारा कार्यान्वयन गरिएका योजनाहरुमा बाँकी रहन गएको तथा कार्यान्वयन नहुने देखिएका देहायका शिर्षकहरुको देहाय वमोजिमको रकम देहाय अनुसारको शिर्षकमा लैजाने गरी दशौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

देहाय

| क्र. सं. | योजना कार्यक्रम विवरण | बजेट श्रोत | बजेट (रु हजारमा) | | | बाँकी बजेट लैजाने शिर्षक |
|---|---|---|---|---|---|---|
| | | | नगरसभाबाट विनियोजित बजेट | कायम गरिएको बजेट | बाँकी बजेट | |
| १ | पुरानोकोटगढी भ्यूटावर तथा शान्तिस्तुपा निर्माण लागत साझेदारी | अ.ल्या./आन्तरिक श्रोत | १४९०० | ११५०० | ३४०० | फुटकर योजनाहरु |
| २ | बेसीशहर युनिभर्सलचोक मकैडाँडा सडक स्तरोन्नति लागत साझेदारी ( संघीय समपुरक) | अ.ल्या./आन्तरिक श्रोत | १३९०० | ८२०० | ५७०० | फुटकर योजनाहरु |
| ३ | डिजिटल डिस्प्ले बोर्ड | संघीय समानीकरण | ३२०० | २८०० | ४०० | फुटकर योजनाहरु |
| ४ | मेयरकप खेलप्रतियोगिता सञ्चालन | प्रदेश समानीकरण | ७०० | ० | ७०० | सडक मर्मत सम्भार कोष |
| | जम्मा | | ३२७०० | २२५०० | १०२०० | |

**निर्णय नं. ४ : लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा**

महालेखा परिक्षकको कार्यालयबाट प्राप्त भएको यस बेसीशहर नगरपालिकाको आ.व. २०७७/७८ को लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनको सम्बन्धमा छलफल भयो र उक्त प्रतिवेदन दशौं नगसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : नीति तथा मार्गदर्शन स्वीकृत गर्ने सम्बन्धमा ।**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त भएका देहाय वमोजिमका नीति तथा मार्गदर्शन आवश्यक परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय

१. बेसीशहर नगरपालिकाको सामाजिक समावेशीकरण नीति, २०७८

२.बेसीशहर नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८

**निर्णय नं. ६ : वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ७ को हालसम्म वडा कार्यालय भवन निर्माण हुन नसकेको सन्दर्भमा वडा नं ७ को मनाडे चौतारा नजिक जग्गाको व्यवस्थापन भै सकेको हुँदा उक्त वडाको वडा कार्यालय भवन निर्माण गर्ने निर्णय गरियो साथै सो को लागि जिल्ला समन्वय समितिमा बेसीशहर नगरपालिकाका वडाहरुको भवन निर्माणतर्फ बाँकी रहेको बजेट रु. २१ लाख माग गर्ने तथा रु. १४ लाख नगरपालिकाको आन्तरिक श्रोतको फुटकर शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : वडास्तरीय योजना संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०७८।०७९ का देहायको वडास्तरीय योजनाहरुलाई देहाय अनुसार संशोधन गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

देहाय

| साविकको योजना | विनियोजित बजेट | हाल कायम गरिएको योजना | विनियोजित बजेट |
|---|---|---|---|
| स्याँगाडे तरकारी संकलन केन्द्र निर्माण बेनपा १ | १००००० | काम्लेक्यु मोटरबाटो मर्मत बेनपा १ | १००००० |
| विपद् व्यवस्थापन तथा फुटकर खर्च बेनपा १ | ५००००० | चन्द्रोदय प्रावि जाने मोटरबाटो मर्मत बेनपा १ ठूलो धिमिरे | १५००० |
| खिरबोटे आरुबोटे हुँदै कान्ले मोटरबाटो स्तरोन्नति बेनपा २ ( नगरस्तरीय) | ४००००० | खिरबोटे आरुबोटे हुँदै कान्ले मोटरबाटो स्तरोन्नति बेनपा २ | ४५०००० |
| ज्यामिरे खोलादेखि आरुबोटसम्म सिंचाई बेनपा २ (वडास्तरीय) | ५०००० | | |
| कृषि तथा पशु कार्यक्रम बेनपा ११ (वडास्तरीय) | ९००००० | जनजागृति कृषक समुह थापाँडाँडा बीउ विजन खरीद बेनपा ११ (०७८।६।२० को निर्णय नं १४.९ अनुसार संशोधन) | ४०००० |
| भप्रिखेत सडकबाट नर बहादुरको घर सम्मको गो.वा. नि.बेनपा ११ (वडास्तरीय) | ४०००० | भप्रिखेत सडकबाट नर बहादुरको घर सम्मको मोटरबाटो निर्माण.बेनपा ११ | ४०००० |

**निर्णय नं. ८ : शिक्षक व्यवस्थापन सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाका देहायका विद्यालयहरुमा शिक्षकहरुको दरबन्दी रिक्त रहेको हुँदा पठन पाठनका क्रियाकलापमा कठिनाई उत्पन्न भएको र अन्य विद्यालयहरुबाट शिक्षकहरुको सरुवा गरी शिक्षक व्यवस्थापन गर्न पनि व्यवहारिक कठिनाइहरु देखिएको हुँदा नगरपालिकाको आन्तरिक फुटकर शिर्षकबाट २०७८ फागुनदेखि २०७९ असारसम्म शिक्षक भर्ना गरी प्रति शिक्षक मासिक रु. १५,०००।- (पन्ध्र हजार मात्र) का दरले पारिश्रमिक पाउने गरी ५ महिनाको लागि आन्तरिक श्रोतको फुटकर शिर्षकबाट शिक्षक व्यवस्थापन गर्ने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७८/१०/२३ गतेको बैठक

१. सेवा सदन मावि, बेनपा ४, पुरानोकोट रु. ७५०००।-
२. हिमज्योती प्रावि बेनपा १० बाँझाखेत रु. ७५०००।-
३. भविष्य निर्माण प्रावि बेनपा १०पाङ्ग्रेक्यु रु.७५०००।-
४. शान्ति भवन प्रावि बेनपा ११, चिती स्याउत रु. ७५०००।-
५. बौद्ध मिलन प्रा.वि. बेनपा ५, बाखेजगत रु.७५०००।-